"सुशासन, समृद्धि, समुन्नत र पर्यटकीय ठोरीको आधार
उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"

# ठोरी गाउँपालिकाको सातौं गाउँ सभामा
# अध्यक्ष श्री लाल बहादुर श्रेष्ठज्यूबाट प्रस्तुत
# आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम, २०७९

गाउँ सभामा प्रस्तुत मितिः २०७९/०३/१०

गाउँ सभाबाट स्वीकृत मितिः २०७९/०३/३०

ठोरी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
घ्याङ्गडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल

# ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि सातौं गाउँ सभाको बैठकमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम,२०७९

प्रमुख अतिथि जिल्ला समन्य समिति सदस्य, पर्साका श्री सुशिला बि.क.ज्यू,
विशेष अतिथि जिल्ला समन्यव समिति पर्साका निवर्तमान उप-प्रमुख श्री ठाकुर प्रसाद न्यौपानेज्यू,
श्री उपाध्यक्षज्यू,
गाउँ सभाका सदस्यज्यूहरु,
उपस्थित आमन्त्रित अतिथिज्यूहरु,
निवर्तमान तथा पूर्व जनप्रतिनिधिज्यूहरु, ठोरीबासी
सम्पूर्ण कर्मचारी, शिक्षक,पत्रकार, बुद्विजिवि, समाजसेवी तथा सुरक्षाकर्मीहरु।

नेपालको संविधान र संघीय शासन प्रणालीको तहगत सरकारहरुमा ठोरी गाउँपालिका स्थानीय सरकारको रुपमा रहेको छ। यस गाउँपालिकामा २०७९ साल बैशाख ३० गते निर्वाचन भई हामीले २०७९ साल जेठ ९ गते सोमबारका दिन कार्यभार ग्रहण गरी कार्य थालनी गरेको प्रथम आर्थिक वर्षमा प्रवेश गरेका छौं ।ठोरी गाउँपालिकाका मतदाताहरुले हामीलाई अमुल्य मत दिई गाउँपालिकाको र जनताको सेवा गर्न अवसर दिनु भएकोमा सम्पूर्ण ठोरी वासीहरुमा कृतज्ञताका साथ धन्याबाद दिन चाहन्छु। साथै यस गरिमामय गाउँसभामा निर्वाचित भई आउनु भएका उपाध्यक्ष, वडाध्यक्षहरु, महिला सदस्यहरु, दलित महिला सदस्यहरु, खुला सदस्यहरु तथा निर्वाचित कार्यपालिका सदस्यहरु सम्पूर्णमा हार्दिक बधाई ज्ञापनका साथ कार्यकालको पुर्ण सफलताको कामना गर्दछु। गाउँपालिकाको सुशासन, समृद्दि र समुन्नत ठोरीको आधार उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार सफल बनाउन यहाँहरुको साथ र सहयोगको अपेक्षा लिएको छु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान -२०७२ लागूभई स्थानीय तहको निर्वाचन २०७९ सम्पन्न भएर जनताका प्रतिनिधिहरु मार्फत शासन सञ्चालन भई रहेको यस घडीमा देशलाई यो अवस्थासम्म पुऱ्याउन विभिन्न आन्दोलनहरुमा अफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।
संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान-२०७२ लागू भई स्थानिय तहको दोस्रो निर्वाचन २०७९ सम्पन्न भईस्थानीय सरकारको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०७९/०८० मा अबलम्बन गरिने विकासका वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न चाहान्छु र यसबाट गाउँपालिकाको समग्र विकासमा एक आयाम थपिने अभिलासा समेत लिएको छु।ठोरीका विभिन्न क्षेत्रका समग्र समस्याहरुको पहिचान, आवश्यक्ताको विश्लेषण र प्राथमिकिकरण गरी प्राप्त स्रोत र साधनको अधिक्तम सदुपयोग हुने गरी यस नीति

तथा कार्यक्रम तयार गरेको छु। यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी वर्ग र अन्य सहयोगी व्यक्तित्वहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

(क) **आर्थिक विकासः कृषितथा पशुपन्छी, उद्योग, पर्यटन, सहकारी र वित्तिय क्षेत्रः**

१. कृषकलाई आवश्यक बिउ बिजन,मलखाद,बिषादी तथा प्राविधिक सुविधा सहज र सुलभ रुपमा प्रदान गरिनेछ। कृषकलाई आवश्यक तालिम, अध्ययन तथा अवलोकन भ्रमण तथा कृषि औजारको व्यावस्था गरिनेछ। साथै कृषकको उत्पादनको सुनिश्चितताको लागि कृषि तथा पशुपन्छी बिमामा लाग्ने बिमा शुल्कमा छुटको व्यवस्था मिलाईने छ।

२. एक वडा एक कृषि सहकारीको अवधारणालाई अवलम्बन गर्दै कृषिमा आधुनिकीकरण गर्ने र यसै माध्यमबाट जनताको लागि आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरण गर्ने नीति लिइने छ। विदेशबाट ज्ञान, सीप सहित स्वदेश फर्किएका युवाहरुलाई लक्षित गरी स्थानीय कृषि प्रणालीलाई अझ बढी उत्पादनमूलक बनाइने छ । प्रत्येक वडामा एक टोल एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

३. कृषियोग्य जमिनमा सिँचाई तथा विद्युतीकरण गरी बजारमा उच्च माग हुने मौसमी तथा वेमौसमी तरकारी खेती सहित वालीनाली विकास गराई कृषकको जीवनस्तर उकास्ने नीति ल्याईने छ। साथै कृषि सडकको विस्तार,नक्साङ्कन तथा स्तरोन्नति गरिने छ।

४. ठोरी -१, सरस्वती चोकमा रहेको कृषि बजारलाई थप व्यवस्थित गरिनेछ। साथै अन्य वडाहरुमा समेत आवश्यक्ता अनुसार कृषि बजार सञ्चालनमा ल्याईने छ।

५. व्यवस्थित रुपमा सञ्चालनमा रहेको खेती तथा पशुपन्छी पालन गर्ने कृषकहरुलाई अनुदानर पशुपन्छी पालनमा नश्ल सुधार कार्यक्रम ल्याईने छ ।

६. दुग्ध तथा दुग्धजन्य उत्पादनमा बृद्धिगरी कृषकको व्यवसायमा आकर्षण बढाउन आवश्यक्ता अनुसार दुग्ध सहकारी दर्ता गरी दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान दिईने व्यावस्था मिलाईने छ।

७. कृषिलाई आधुनिकीकरण तथा व्यवसायिक बनाउन प्रत्येक वडामा एक कृषि प्राविधिकको व्यवस्था गरिने छ। साथै माटो गुणस्तरिय परिक्षण र सुधार गर्ने कार्य अघि बढाईने छ।

८. गाउँपालिकाको किसानको परम्परागत रुपमा पशुपन्छी पालन गर्दै आएका कृषक र कृषक समूहहरुलाई तथा बाझो जमिन राखेका किसानहरुलाइ लक्षित गरी वृक्षरोपण, फलफूल खेती, माछापालन, पशुपालन फारम विकास गर्न दर्ता प्रकृया सरल र सहज बनाईनुका साथै अनुदानको व्यवस्था मिलाईने छ।

९. प्राविधिक जनशक्ति प्रयोग गरि सबै वडामा पशु स्वास्थ्य शिविर, कृषि मेला प्रदर्शनी तथा उत्कृष्ट कृषकसमूह र सहकारीहरुलाई सम्मान गरिनेछ। साथै पशुपन्छी पालनलाई व्यावसायीक बनाउन प्रत्येक वडामा पशु प्राविधिकको व्यावस्था गरिने छ।

१०. "घरघरमा करेसाबारी, भान्सामा ताजा तरकारी"को लागि निशुल्क वीउबिजन उपलब्ध गराईने छ।

११. कृषकको पहुचँ पुग्ने गरी चिस्यान केन्द्रको कार्यक्रम अगाडि बढाईने छ।

१२. कृषि प्राविधिक विद्यालयको सम्भाव्यताको अध्ययन ग़रि सञ्चालनमा ल्याउन पहल गरिने छ।

१३. आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न पर्यटकीय गुरुयोजना निर्माण गर्दै केमुनाघारी, बुलबुले, तिनघरे, चिसापानि, रानीवन, राईधारा, ओडार चिसापानी, शिकारिवास, बाघमोर्चा, निर्मलवस्तीमा पुर्वाधार विकास गरिनेछ।

१४. कृष्ण मन्दिर देखि मनमोहन पार्क सम्म जाने सिढियुक्त पदमार्गको निर्माणमा जोड दिईने छ।

१५. कृष्ण मन्दिर देखि गोले डाँडा र सीने पर्वतलाई जोड्ने केवलकारको सम्भाव्यता अध्ययन गरी तत् स्थानका भ्युटावरलाई थप व्यवस्थित गरिने छ।

१६. सेतो पहाडमाथि चियरवाला पिङ्गको निर्माण गरी संरक्षण गरिने छ।

१७. गडुवा पोखरीलाई मर्मत संभार गरी स्तरोन्नति गर्ने कार्य अघि बढाईने छ।

१८. ईच्छानगरदेखि आधाभारसम्म राष्ट्रिय निकुञ्ज र मध्यवर्ति उपभोक्ता समिति र अन्य सरोकार पक्षसँग समन्वय गरी हात्ती तथा जिप सफारी सञ्चालन गर्न उपयुक्त वातावरण तयार गरिने छ।

१९. सञ्चालित होमस्टेको व्यव्स्थापनमा स्तरोन्नति र आवश्यक ठाउँमा होमस्टे विस्तार गरिने छ।

२०. विभिन्न जातजाती, भाषाभाषिको आत्म सम्मान कायम हुने गरी सांस्कृतिक उत्थान कार्यक्रम, सांस्कृतिक, ऐतिहासिक धरोहरका रुपमा रहेका गुम्बा, चर्च, मठमन्दिरको संरक्षण तथा मर्मत संभार, चौतारा पाटीपौवा, राष्ट्रिय लोकबाजा, पञ्चेबाजाको संरक्षण तथा सम्बर्धन गरिने छ।

२१. लोपोन्मुख जातजातिका सांस्कृतिहरु, दलित समुदायका कला संस्कृति आदिको संरक्षण र सम्बर्धन गरिने छ।

२२. बहुचर्चित सिता गुफाको संरक्षण र प्रबर्धनका लागि रामजानकी मन्दिर तथा वनशक्ति मन्दिर देखि सितागुफासम्म झोलुङ्गेपुल निर्माणका लागि पहल गरिने छ।

२३. अमृतधारा, राईधाराको पानीलाई सदुपयोग गर्दै स्वच्छ पिउने पानीको ठोरी वाटर उत्पादन उद्योग सञ्चालनका लागि निजि क्षेत्रसँग सहकार्य गर्दै सार्वजनिक नीजि साझेदारी गर्ने नीति ल्याईने छ।

२४. एक वडामा कम्तीमा "एक कृषि सहकारी, घरघरमा रोजगारी" अभियानद्वारा घरघरमा वालीनाली, मौसमी, बेमौसमी तरकारी, दुग्ध तथा दुग्धजन्य र मासुजन्य पदार्थ उत्पादन

एवम् सहकारी मार्फत खरिद विक्री, बजारिकरणद्वारा आत्मनिर्भर वनाउदै जाने नीति लिईने छ।

२५. बचत तथा ऋण सहकारी संस्थाहरुको नियमित अध्यावधिक गर्दै उत्पादनमुखि र स्वरोजगारमुखी कार्यक्रमका लागि निर्देशित गरिने छ।

(ख) **सामाजिक** विकासः **शिक्षा, खेलकूद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरणः**

२६. समता, गुणस्तर, सक्षमता र पहुँचमा जोड दिदै कक्षा १२ सम्मको शिक्षालाई पुर्ण रुपमा निशुल्क गरिनुका साथै शैक्षिक गुणस्तर वृद्धि, कार्यकुशलता पार्दर्शिताका लागि अनुगमन तथा निरिक्षणको समेत व्यवस्था गरिनेछ। ठोरी गाउँपालिकाका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षकका छोराछोरीहरु नजिकका सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्ने नीति अवलम्बन गरिने छ।

२७. सबै सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणका साथै पुस्तकालय, प्रयोगशाला र कक्षा कोठालाई अपाङ्गमैत्री, बालमैत्री र प्रविधिमैत्री बनाईने छ।

२८. सबै सामुदायिक बिद्यालयहरुमा तल्लो कक्षा देखिनै अङ्ग्रेजी माध्यमको पठनपाठनको लागि आवश्यक जनशक्ति सहित स्रोत साधनको व्यावस्था गरिने छ।

२९. ठोरी गापामा सञ्चालित प्राविधिक तथा नमुना विद्यालयलाई थप अनुदानको व्यावस्था गरिने छ।

३०. ठोरी गाउँपालिकाले मापदण्ड निर्धारण गरी गाउँपालिका भित्रका बालविकास, प्रा.वि. र आधारभुत विद्यालयहरुलाई नमुना छनौट गरी नमुना विकासको लागि आवश्यक अनुदानको व्यवस्था गरिने छ।

३१. ठोरी गाउँपालिका स्तरीय अन्तर विद्यालय प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप वार्षिक रुपमा सञ्चालन गरिने छ।

३२. गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५, ८, १० र १२ मा उच्चतम् अङ्क प्राप्त गर्ने १ छात्रा १ छात्रलाई प्रोत्साहन गरिने छ। साथै बाबु आमा बिहिन अति विपन्न बालबालिकालाई छात्रावृति सहयोगको व्यवस्था गरिने छ।

३३. ठोरी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट एस.ई.ई उतिर्ण गरी प्राविधिक धार अध्ययन गर्ने दलित, सहिद परिवार, गरिब तथा जेहेन्दार छात्रछात्रहरुलाई छात्रावृतिको व्यवस्था मिलाईने छ।

३४. सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रलाई मन्टेश्वरी विद्यालयको अवधाराणा अनुसार सञ्चालनमा ल्याईने छ। बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, शिक्षक तथा प्र.अ.हरुको क्षमता विकास, पेशागत सिप र वि. व्य स., शिक्षक अभिभावक संघलाई नेतृत्व विकासका तालिम र प्रोत्साहनको व्यवस्था मिलाईने छ।

३५. चुहिने छानामुनी अध्ययन गर्नुपर्ने बाध्यात्मक स्थितिको अन्त्य गर्न जस्ताको छाना भएका विद्यालयहरुको आवश्यक्ताको आधारमा मर्मत तथा नयाँ जस्तापाताको व्यावस्था गरिने छ।

३६. भौगोलिक विकटता तथा दुरदराजका कारण शिक्षा पाउने हकबाट बञ्चित हुन पुगेका शिकारीवासबाट गाउँपालिका अन्तर्गतको नजिकको विद्यालयमा अध्ययन गर्न आउने कक्षा ६ देखि माथिका विद्यार्थीहरुको लागि छात्रावासको व्यावस्था गरिने छ।

३७. प्रत्येक वडामा क्रमशः खेलकुद मैदान निर्माण तथा स्तरोउन्नति गरिने छ। गाउँपालिका स्तरका एक सुबिधा सम्पन्न खेलकुद मैदान निर्माण गरिनुका साथै क्रमश कवडहल, जिमहल तथा व्यामशाला निर्माण गरी सञ्चालनमा ल्याईने छ।

३८. अनुशासन, स्वास्थ्य र विकासका लागि वार्षिक रुपमा अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ।

३९. युवाहरुको प्रतिभा पहिचान गर्दै विभिन्न कार्यक्रम मार्फत सहभागितात्मक नेतृत्वसीप प्रदान गरिने। साथै सांस्कृतिक पर्वहरुमा यस्ता प्रतियोगितात्मक कार्यलाई प्रोत्साहन गरिने छ।

४०. युवाहरुलाई लागु औषध दुर्व्यसनबाट निरुत्साहित गर्नुका साथै लागु औषध दुर्व्यसनमा फसेका युवाहरुलाई सुधार केन्द्र मार्फत सिपयुक्त तालिम प्रदान गरी स्वरोजगार बनाईने छ।

४१. शिक्षित बेरोजगार युवाहरुलाई मध्यनजर गर्दै रोजगार तर्फ उन्मुख गराउन निशुल्क सेवा आयोग लगायतका तयारी कक्षाहरु सञ्चालन गरिने छ।

४२. सामुदायिक विद्यालयहरुका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त बनाउन शिक्षकको पेशागत क्षमता विकास, कार्य सम्पादन करार सम्झौता, नतिजामा आधारित शैक्षिक क्यालेण्डर र सिकाई एवं अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गरिने छ।

४३. प्रारम्भिक कक्षाका बालबालिकाहरुको फरक क्षमताको पहिचान गरी आवश्यक सहयोग गर्ने कार्यक्रम सञ्चालनमा ल्याईने छ।

४४. आधारभूत तहसम्म स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

४५. संस्थागत विद्यालयहरुलाई ऐन, नियमावलीको दायारामा ल्याईनेछ र गाउँपालिकामा सञ्चालन भएका संस्थागत विद्यालयहरुलाई सूचिकृत गर्ने ब्यवस्था मिलाईने छ।

४६. ठोरी गाउपालिकाको ५ वर्षे शिक्षा योजना निर्माण गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ।

४७. हरित विद्यालयको अवधारणा अनुसार सामुदायिक विद्यालयहरुमा एक विद्यालय एक बगैंचा कार्यक्रम सञ्चालन गरिने छ।

४८. आधारभूत तह कक्षा ८ को परीक्षालाई मर्यादित बनाउन केन्द्र निर्धारण गरी परीक्षा सञ्चालन गरिनेछ साथै उत्कृष्ट विद्यालयलाई पुरष्कृत गरिने छ।

४९. शिक्षाको सुनिश्चितता क्षेत्र घोषणा, साक्षर गाउँपालिका घोषणा गर्ने नीति अवलम्बन गरिने छ।

५०. सामुदायिक विद्यालयलहरुको सुरक्षार्थ गाउँपालिकामा सञ्चालित विद्यालयहरुमा क्रमश सि.सि.टि.भि. क्यामरा जडान गरिने छ।

५१ भौगोलिक क्षेत्र, कक्षा संख्या र विद्यार्थी संख्याका आधारमा शैक्षिक सत्रको शुरुमा दरवन्दी मिलान गरी शैक्षिक सुधार कार्यक्रम अगाडि बढाईने छ।

५२. गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी परिचालन गरिने छ ।

५३. खेलकुद विकासको लागि स्पोर्टस एकाडेमी स्थापना गरिने छ।

५४. सामुदायिक विद्यालयमा हुने लैङ्गिक हिंसा तथा दूर्व्यवहारलाई निरुत्साहित गर्न बनेको गुनासो सुनुवाई समितिलाई थप प्रभावकारी बनाउन तालिमको व्यावस्था गरिने छ।

५५. महिला हिंसा तथा बलत्कार एवं दुर्व्यवहार विरुद्द मानसिक र शारिरिक रुपले शसक्त बनाउन बालिकाहरुलाई विद्यालय स्तरमा आत्मा सुरक्षा प्रशिक्षणको व्यवस्था गरिने छ।

५६. गाउँपालिकामा स्थापना भएको जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गर्नुका साथै नागरिकको घर दैलोसम्म नै सेवा विस्तार गर्दै लैजाने नीति लिइने छ । आम नागरिकका लागि आवश्यक औषधी गाउँपालिका स्वास्थ्य संस्था मार्फत वर्षभरि नै निःशुल्क वितरणको प्रबन्ध मिलाइने छ ।प्रत्येक वडामा स्वास्थ्य परीक्षणका लागि प्रयोगशालाको स्थापना र सञ्चालन क्रमशः गरिदै लगिने छ।

५७. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम गाउँपालिका वासीहरुको सुलभ र सहज पहुँचका लागि गाउँपालिकाले उच्च प्राथमिकता राखी कार्य गरेको छ। नेपाल सरकारले लागू गरेको स्वास्थ्यबीमा कार्यक्रम सबै वडाका प्रत्येक घर परिवारमा गाउँपालिकाको सहयोग र समन्वयमा विस्तार गरिनेछ, र नागरिकहरुको स्वास्थ्य वीमा व्यवस्थित गराउदै जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा बीमा कार्यक्रमलाई जेष्ठ नागरिकको घरदैलोसम्म विस्तार गरिने छ ।

५८. ठोरी गाउँपालिका अन्तर्गतका इच्छानगर र तिनघरेमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना तथा सञ्चालन गरिने छ। शिकारीवासमा सञ्चालनमा रहेको स्वास्थ्य ईकाईलाई थप व्यवस्थित गराईने छ।

५९. गाउँपालिकामा स्थापना भएको सर्पदंश उपचार केन्द्रको भौतिक विकास तथा क्षमता विस्तार गर्नुका साथै सर्पदंश, बिच्छी, खजुरा, कुकुर तथा बाँदरको टोकाईको निशुल्क उपचार गरेर नागरिकको अकाल मृत्यवरण गर्नु पर्ने विद्यमान अवस्थाको निर्मुल गरिने छ।

६०. आमा तथा नवजात वच्चाको सुरक्षाका लागि स्वास्थ्य चौकीमा आएर सुत्केरी गराए बापत सुत्केरी स्याहार भत्ता वापत प्रति सुत्केरी रु ३ हजारका दरले भुक्तानी दिईने र स्वास्थ्य संस्थामा उपचार हुन नसकी रेफर गरेका सुत्केरी विरामीलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने र नागरिकको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै एक वडा एक एम्बुलेन्सको कार्यक्रम ल्याईने छ। साथै प्रसुति गराउने कार्यमा खट्ने स्वास्थ्य प्राविधिक एवं सहयोगीलाई प्रोत्साहित गर्ने नीति लिइएको छ ।

६१. गाउँपालिकामा भएको आयुर्वेदिक औषधालयको क्षमता विकास तथा विस्तार र गाउँघर क्लिनिक व्यवस्थित गरी सो केन्द्रबाट दिइने सेवा तथा औषधी निशुल्क वितरण गरिने छ ।

६२. यस गाउँपालिकाको वडा नं. २ मा १५ सैयाको अस्पताल निर्माण कार्य लाई यथाशीघ्र सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

६३. यस गाउँपालिका क्षेत्र भित्र प्रत्येक वडावासीको पहुँच पुग्ने गरी घुम्ती स्वास्थ्य सेवा, मधुमेह, उच्च रक्त चाप, थाइराइड, मृगौला, क्यान्सर, मुटु रोग, आङ खस्ने समस्या जस्ता रोगको निशुल्क स्वास्थ्य परीक्षण शिविर, एम्बुलेन्स सेवा, लगायतका सेवा सुविधालाई सहज र सरल ढंगले उपयोग गर्न सक्ने वातावरण बनाउन आवश्यकता अनुसार निजी तथा संस्थागत साझेदारी सहभागिता समेतलाई अवलम्वन गरी प्रभावकारी ढङ्गले योजना बनाइने छ ।

६४. नेपाल सरकारले उपलब्ध गराउदै आएको सामाजिक सुरक्षा भत्ता समय सापेक्ष सहज रुपमा उपलब्ध गराउन बैंङ्कमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने पालो परेका सम्बन्धित वडावासीलाई आवश्यक सहयोगको लागि सम्बन्धित वडाका जनप्रतिनिधिले बैंङ्कमै गएर आवश्यक सहयोग गर्ने व्यावस्था मिलाईने छ।

६५. लक्षित वर्गको क्षमता बृद्धि गरी आत्मानिर्भर बनाउन चेतनामुलक, शिपमुलक, आयमुलक तालिमहरुको व्यवस्थापन गरी रोजगारका अवसरहरुको पहिचान सहित उपयुक्त अवसर उपलब्ध गराइने छ ।

६६. गाउँपालिकाको स्वामित्वमा रहेका ऐतिहाँसिक, पुरातात्विक, धर्मिक एवं सांस्कृतिक महत्वका स्थल तथा पक्षहरुको खोज, अनुसन्धान, पहिचान गरी त्यसको पुनरुत्थान , पुस्तान्तरण साथै जिवित राख्नका लागि दस्तावेजहरु प्रकाशन गर्दै सार्वजनिक सम्पदाहरु, खुला क्षेत्र, सार्वजनिक चोक, घाट, सत्तल, पार्टि, धर्मशाला, पर्यटकिय स्थल, सार्वजनिक एवं सरकारी जमिन, वन जंगल, चरन क्षेत्र, पानीको स्रोत, माटोको प्रकृति, भौतिक पुर्वाधार, स्थानीयको जीवनस्तर तथा आर्थिक अवस्थाको तथ्याङ्क संकलन गरी गाउँपालिकामा लगत राख्न सूचना सहित वडा पार्श्वचित्र निर्माण गरी उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

६७. आर्थिक वर्ष २०७९/०८० भित्र सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषण गरिने छ।

६८. सुवर्णपुर स्वास्थ्य चौकी भवन निर्माणका लागि प्रदेश तथा केन्द्रमा पहल गरिनेछ। साथै सबै स्वास्थ्य संस्थाहरुमा किशोरकिशोरी मैत्री तथा अपाङ्ग,बालमैत्री कर्नर स्थापना गरिनेछ।

६९. महामारी तथा विपदको समयमा उपचार तथा ब्यवस्थापन गर्न प्रत्येक वडामा स्वास्थ्यकर्मी तथा उद्धारकर्मीहरुको गठित संयुक्तरेपिड रेस्पोन्स टिमलाई एडभान्स्ड तालिम र सामाग्रीहरुको ब्यवस्था मिलाईनेछ।

७०. स्वास्थ बिमा कार्यक्रमलाई प्रत्येक घरधुरी सम्म लैजानको लागि प्रोत्साहन गरिनेछ।

७१. महिला- सामुदायिक स्वास्थ्य स्वयंसेवक कार्यक्रमलाई उच्च प्राथमिकता दिईनेछ।साथै बर्थिङ्ग सेन्टरमा हप्ताको सातै दिन सेवा प्रवाहको व्यावस्था गरिनेछ।

७२. सबै स्वास्थ्य संस्थाहरुलाई न्युनत सेवा मापदण्ड प्रोटोकलको उच्चतम् रेन्जमा पु-याउने ब्यवस्था मिलाईनेछ।

७३. प्रत्येक सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्वास्थ्य परिक्षण तथा स्वास्थ्य शिक्षा र्यक्रम सञ्चालन महिनामा एक पटक गर्ने ब्यवस्था मिलाईने छ।

७४. विद्यालयहरुमा जुकाको औषधी र आईरन चक्कीको वितरण कार्यक्रमलाई सूदृढिकीरण गरिने छ।

७५. विजयवस्तीको वर्थिङ्ग सेन्टरलाई रणनितिक बर्थिङ् सेनटरको रुपमा व्यवस्थित रुपमा स्तरोन्नति गरिने छ।साथै सेनिटरी प्याड जलाउने मेसिन, सेनिटरी प्याड निर्माण गर्ने तालिम सञ्चालन गरिने छ।

७६. स्वास्थ्य स्वयंसेविकाहरुलाई थप सेवा सुविधाको व्यवस्था गरी थप जिम्मेवारी तथा गतिशिल बनाईने छ।

७७. ठोरी -४, निर्मलवस्तीमा स्वास्थ्य चौकीको (बिजयवस्ती) भवन निर्माण गरिने छ।

(ग) **पूर्वाधार** विकासः **उर्जा सञ्चार, स्थानीय सडक,पुल, सिंचाई, खानेपानी पूर्वाधार निर्माण, भवन तथा शहरी विकासः**

७८. नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन संहिता समेतका आधारमा निर्धरिण गरिएको भवन निर्माण सम्बन्धि मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र शहरी बिकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि बढाइनेछ ।

७९. गाउँपालिका क्षेत्रको सडक सञ्चालनमा सबै गाउँबासीहरुको पहुँच बढाउन आवश्यकता र औचित्यको आधारमा नयाँ सडकको निर्माण र भएको सडकहरुको स्तरोन्नति गरिने छ । साथै गाउँपालिका क्षेत्रमा रहेको रणनितिक सडक, सहायक सडक, गोरेटो बाटो आदिको सिमाङ्कनको कार्यलाई क्रमश प्राथमिकताका आधारमा अगाडि बढाइने छ ।

८०. गाउँपालिका भित्रका बाटोहरुको स्तरोन्नतिका लागि कल्भर्ट निर्माण गरिने छ।

८१. गाउँपालिकाका मुख्य सडकको दाँया बायाँ क्षेत्रहरुमा वत्तीको ब्यवस्थापन तथा वृक्षरोपण गरिने छ। विद्युतको पहुँच नभएका बस्तीहरुमा विद्युतको ब्यवस्था गरिनेछ साथै २ फेजको विद्युत लाईनलाई ३ फेजमा रुपान्तरण गर्ने कार्य अगाडि बढाईने छ।

८२. ठोरी-१ को चौतारा देखि ठोरी -५ को चमरी टोल सम्म साझा यातायात सेवा सञ्चालनमा ल्याईनेछ र ६८ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई भाडामा शतप्रतिशत छुट दिईने छ। जेष्ठ नागरिकलाई परिचयपत्र दिने व्यावस्था मिलाईने छ।

८३. गाउँपालिकाबाट निर्माण गरिने सार्वजनिक पूर्वाधारहरुलाई यथासम्भव फरक क्षमता भएका व्यक्ति मैत्री बनाईने छ।

८४. गाउँपालिका क्षेत्रभित्र आवश्यक पर्ने खानेपानी, पर्यटन, यातायात, खेलकूद लगायतका क्षेत्रहरु सार्वजनिक (निजी , साझेदारी) अवधारणाका आधारमा उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिने छ।

८५. ढेडु खोला, सरस्वती खोला, झिङ्गे खोला, इच्छानगर जाने वाटोमा ठुटे खोलामा पक्की पुलको निर्माणका लागि प्रदेश र केन्द्र सरकारसँग समन्वय गरिने छ।

८६. अधुरो हुलाकी सडकलाई पुरा गर्न सम्वन्धित निकायमा ध्यानाकर्षण गराउदै मुआब्जाको लागि उचित पहल गरिनेछ।

८७. गाउँपालिका भित्रका सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरुको आवश्यक पूर्वाधारका लागि नयाँ भवनहरु निर्माण गर्दै लगिने छ ।

८८. ठोरी- माडी सडक बाह्रै महिना संचालान र स्तरोन्नतिका लागि चितवन राष्ट्रिय निकुञ्ज, माडी नगरपालिका, बागमती प्रदेश सरकार तथा मधेश प्रदेश सरकारसँग समन्वय गरिने छ।

८९. प्राकृतिक श्रोत (खोला नाला) बाट भई रहेको सिंचाई पद्धतिलाई सुधार गरी कुलो तथा चेकड्याम निर्माण गरी व्यवस्थित गरिएको सिंचाई कार्यक्रमलाई निरन्तरता दिईने छ ।

९०. कृषि प्रयोजनको लागि प्रयोग गरिएका वाटो तथा स्थलहरुमा विद्युतीकरण विस्तार गरिने छ।

९१. प्रत्येक वडामा वडा भवन, सामुदायिक भवन, विद्यालय भवन, विद्यालय हातामा सभा हल, स्वास्थ्य संस्था भवन, सार्वजनिक शौचालयक्रमशः निर्माण गरिदै लगिनेछ र भैसकेका भवनको थप ब्यवस्थपन गरिने छ।

९२. सेवा प्रदायक सरकारी संघसंस्था, भिडभाड हुने सार्वजनिक स्थल तथा पर्यटकीय स्थलहरुमा फ्रि वाईफाई जोन र सि. सि. टि.. भि. को ब्यवस्था गरिने छ।

९३. हाल सञ्चालनमा रहेका टेलिफोन नेटवर्कलाई २४ सै घण्टा गुणस्तरीय सेवाको ब्यवस्था गराईने छ।ठोरी गाउँपालिका अन्तरगतका शिकारीवास, ओडार विद्यालय नजिक, भगवाननगर, तीनघरे. ईच्छानगर लगायतका टैलिफोन नेटवर्क कमजोर हुने ठाउँहरुमा टावर स्थापनाको प्रयास गरिने छ।

९४. प्रत्येक वडा कार्यालयहरुमा वालवालिका, महिला,युवा, अपाङ्ग सूचना केन्द्र, आर्थिक पारिदर्शिता सुचना पाटी र शैक्षिक सुचना केन्द्रको स्थापना क्रमशः गरिने छ।

९५. कृषि उत्पादन बृद्धिका लागि सिंचाई ब्यवस्था नभएका ठाउँहरुमा डिप वोरिङ, स्यालो ट्युवेल आदि कार्यक्रम आवश्यक्ताको आधारमा सञ्चालनमा ल्याईने छ।

९६. स्वच्छ तथा शुद्ध खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक ब्यवस्था मिलाईनेछ साथै सबै टोल-टोलमा खानेपानी तथा सरसफाई सम्वन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

९७. आवश्यक्ताको आधारमा सिंचाईको लागि कुलो, नहर निर्माण तथा मर्मत कार्य गरिने छ।

९८. "स्वच्छ खानेपानीको आधार, एकघर एक धारा" कार्यक्रम कार्यान्वण गर्दै सबै टोलहरुका घर-घरमा २ वर्ष भित्र स्वच्छ खानेपानी पुऱ्याईने छ यसका लागि आवश्यक ठाउँहरुमा ओभरहेड ट्याङ्क्की निर्माण गरिनेछ र निर्माधिन अवस्थामा रहेका ओभरहेड ट्याङक्कीको निर्माण सम्पन्न गरी शुद्ध खानेपानीको ब्यवस्था गरिने छ।

९९. सम्भव भएका स्थानहरुमा दलित, विपन्न, सीमान्तकृतहरुका घर परिवारलाई निःशुल्क ट्युवेल जडान गरिने छ।

**(घ) वातावरण तथा विपद व्यवस्थापनः वातावरण, वन तथा भु - जलाधार, फोहरमैला, भुमिहिन तथा सुकुम्वासीः**

१००. संवैधानिक प्रत्याभुति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, विपद् जोखिम नीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम राष्ट्रिय कार्ययोजना, ०१८-२०३० लगायतका नीतिगत तथा कानूनी व्यवस्थाको कार्यान्वयनमा गाउँपालिका सरकार प्रतिबद्ध छ ।

१०१. अनुमान गर्न नसकिने तर पूर्व तयारी गरे विपदबाट बाँच्न र बचाउँन सकिने अभ्यास हामीले गर्दै आएको छौं । विपद कतिवेला आउछ भनि पूर्वअनुमान गर्न नसकिने देखा परेमा तत्काल प्रतिकार्य गर्नु पर्ने भएकोले आगामी आर्थिक वर्षमा समेत यसलाई निरन्तरता दिइने छ ।

१०२. गाउँपालिकाबाट पारित विपद ऐन तथा कार्यविधिको अधिनमा रही बडास्तरीय विपद ब्यवस्थापन उप समिति र वडा समितिको निर्णयबाट वडा कार्यालयले नै सानातिना विपद सम्वोधन गर्ने नीतिगत ब्यवस्थाको कार्यान्वयन गरिने छ ।

१०३. गाउँपालिका क्षेत्रको विकासमा अवरोध गर्ने, सडक तथा नदी, खोलानालाको क्षेत्राधिकार

मिच्ने, मास्ने तथा नष्ट गर्ने, जमीन, घर तथा भौतिक संरचनामा स्वीकृत मापदण्ड विपरितको कार्य गर्ने व्यक्ति तथा समूहको पहिचान गरी गाउँपालिका स्तरीय लगत खडा गरिने छ । वडा तथा गाउँ कार्यपालिकाले यस्ता व्यक्ति तथा समूहलाई नियमन गर्दै कानूनी दायरामा ल्याउने नीति अवलम्बन गरिने छ ।

१०४. सडकको क्षेत्राधिकार भित्र सडक निर्माण गर्न अवरोध गर्नेलाई गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गर्ने नीति लिइने छ ।

१०५. जलवायु अनुकुलनका लागि प्रत्येक संघसस्था हाताभित्र कम्तिमा १० बिरुवा रोपी संरक्षण गर्नु पर्ने व्यावस्था मिलाईने छ।

१०६. एक घर दुई बिरुवा निशुल्क प्रदान गरी संरक्षण गर्ने जिम्मेवारी घरवालालाई दिईनेछ र त्यस भन्दा बढि बिरुवा रोप्ने हुर्काउने नागरिकलाई प्रोत्साहित गरिने छ।

१०७. आवश्यक्ता अनुसार सार्वजनिक शौचालयको निर्माण तथा ब्यावस्थापन साथै फोहोर व्यवस्थापनका लागि चोक चोकमा डस्टविनको व्यांवस्था गरिने छ।

१०८. ठोरी गाउँपालिका भरिका वर्षौ देखि क्षति पुन्याउने खहरे खोला तथा नदी नियन्त्रणका लागि चेक डयाम, जैविक तटवन्धनको कार्यक्रम अगाडी बढाईने छ।

१०९. सरकारी, पर्ति तथा खोलाका छेउछाउका खाली जमीनमा वृक्षरोपण गरिने छ।

११०. वन्युजन्तुबाट हुने हानिनोक्सानीलाई न्यूनिकरण गर्न प्रभावित स्थलहरुमा दीगो हुने गरी सोलार फेन्स, मेसजाली, तारवार र कंक्रिटवालको निर्माण गरिने छ।

१११. बन्यजन्तुबाटट हुने क्षतिको क्षतिपूर्तिको ब्यवस्था, पशुधन विमा र बाली वीमाको कार्यक्रमलाई सम्वन्धित निकुञ्ज मध्यवर्ति क्षेत्र र वन उपभोक्ता समूहसँग सम्वन्य गरी अघि बढाईने छ।

११२. वन्यवन्तुले नोक्सान नगर्ने खाल्का नगदेवाली अदुवा मेन्था लगायतका खेतीको पकेट क्षेत्रको निर्माण गरी आय आर्जनमा टेवा पुन्याउनुका साथै वन्यजन्तुको क्षति न्यूनिकरण गर्ने उपाय अपनाईने छ।

११३. अव्यवस्थित वसोवासी तथा सुकुम्बासीहरुलाई वसोवसको व्यवस्था मिलाईनुका साथै हालसाबिक नभएका जग्गालाई हालसाबिक गर्ने व्यवस्था मिलाईने छ।

११४. ओरीयाखोलामा वैज्ञानिक नदी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने छ।

११५. ठोरी गाउँपालिका, चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्ज बीच त्रिपक्षीय समन्वय र सम्झौता गरी संरक्षण तथा विकासका कार्यक्रम सञ्चालनमा ल्याईने छ।

**(ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासनः सामान्य सेवा प्रवाह, सुशासन, सूचना प्रविधिको विकास र तथ्यांक व्यवस्थापनः**

११६. गाउँपालिकामा शान्ति सुरक्षाको लागि सुरक्षा निकायसँग समन्वय गरी शान्ति सुरक्षाको प्रत्याभुती गरिने छ।

११७. गाउँपालिका क्षेत्रमा हुने र भएका क्रियाकलाप लगायत अन्य गतिविधिको गाउँवासीहरुलाई सुसुचित हुने अवसर दिनको लागि निजि तथा संस्थागत साझेदारी एवम् सहभागितामा एफ.एम सञ्चालन एवम् पत्रपत्रिका प्रकाशन व्यवस्थापनको कामलाई प्राथमिकतामा राखी सुविधा उपलब्ध गराउने कार्यलाई प्रथमिकता दिइ सूचनालाई प्रभावकारी वनाउँन गाउँपालिकामा सञ्चार डेस्क (इकाई) सञ्चालन गरिनुका साथै सवै सूचनाको जानकारी विद्युतिय माध्यमबाट सार्वजनिक गरिने छ ।

११८. गाउँपालिकाबाट दिइने सेवाहरुको सूचना एवम् जानकारीहरु सार्वजनिक गराउने विवरणहरु तथ्याङ्क, सूचना, कर, नीति योजना तथा कार्यक्रम लगायतका विषयहरुमा विद्युतिय प्रणाली मार्फत सञ्चालन गर्ने व्यवस्था गरिने छ । नागरिकहरुको ईन्टरनेट पहुँचका लागि एक वार्ड एक फ्रि वाईफाई जोन को व्यवस्था गरिने छ।

११९. गाउँपालिका भित्र निजी क्षेत्रबाट सञ्चालन हुदै आएका सार्वजनिक यातायातमा उपभोक्ता मैत्री बनाउन सम्बन्धित पक्षहरुसँग समन्वय गरी उपयुक्त नीति द्धारा व्यवस्थापन गराइने छ।

१२०. नागरिकको सूचनाको हक पाउने संवैधानिक अधिकार संरक्षण गर्दै पालिकाको सेवा तथा गतिविधिलाई जनमैत्री, पारदर्शी र जवाफदेहि बनाउन आवधिक रुपमा गाउँपालिका "साझा सन्देश" ( छापा र विधुतिय माध्यम) बाट प्रकाशन गरिने छ ।

१२१. ब्यक्तिगत घटना दर्ता जस्ता विषयलाई समयमै प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ब्यवस्था मिलाईने छ।

१२२. सुशासनको प्रत्याभूति, आर्थिक अनुशासान, पारदर्शिता, सेवाग्राहीहरुलाई सेवाको सुनिश्चितता गर्ने ब्यवस्था मिलाईने छ। जननिर्वाचित प्रतिनिधि, कर्मचारीहरुको क्षमता अभिवृद्दिका लागि विभिन्न कार्यक्रम सञ्चालनमा ल्याईने छ।

१२३. गाउँपालिका कार्यालय, वडा कार्यालय तथा सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरुमा जनसुझाव पेटिकाको ब्यवस्था, सत्य तथ्य विषय वस्तुहरु सार्वजनिक गर्ने सूचना अधिकारीको ब्यवस्था र गाउँपालिकाको कार्य प्रगति तथा प्रतिवद्धता गरिएका विषय वस्तुको वार्षिक सामाजिक सुनुवाई तथा समिक्षा गरिने ब्यवस्था मिलाईने छ।

१२४. ठोरी गाउँपालिकाको चौतर्फी विकासका लागि क्षेत्रगत तथा विषयगत विज्ञ तथा प्रबुद्ध ब्यक्ति सम्मिलित स्थानीय योजना आयोग गठन गरी कार्य अगाडी बढाईने छ।

१२५. ठोरी गाउँपालिकाको हाल सम्मको गुरु योजना नभएको सन्दर्भमा गुरु योजना निर्माण गरी "सुशासन,समृद्दि,समुन्नत र पर्यटकीय ठोरीको आधारउत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार" मुख्य संकल्पका साथ दीगो विकासको लक्ष्य प्राप्तिको लागि कार्य गरिने छ।

१२६. कर्मचारी, शिक्षक, उत्कृष्ट कृषक, सुरक्षाकर्मी, स्वयंसेवकहरुको कार्य सम्पादन मुल्याङ्कनको आधारमा उत्कृष्टलाई प्रोत्साहित गर्ने ब्यवस्था शुरुवात गरिने छ।

१२७. २५ वर्ष भन्दा बढी सेवा प्रदायकलाई दीर्घसेवा पदकद्वारा सम्मानित गर्ने व्यवस्था, क्षमता अभिबृद्धिका लागि तालिम, अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ।

१२८. सेवा प्रदायक कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक वडा पत्र राखिने छ साथै विद्युतीय हाजिरीको प्रभावकारी कार्यन्वयन गर्ने व्यवस्था मिलाईने छ।

१२९. गाउँपालिका, वडा तथा अन्तरगतका कार्यालयहरुमा तथ्याङ्कीय अभिलेखहरु अद्यावधिक गर्ने व्यवस्था मिलाईने छ।

१३०. प्रतिष्ठित व्यक्ति, विभिन्न क्षेत्रका उत्कृष्ट व्यक्ति, सामाजिक सेवा गर्ने संघसंस्थाहरुलाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ।

१३१. गाउँपालिका भरिका कार्यालयहरुको दरवन्दी तेरिज अनुसार जनशक्ति व्यवस्थापन गरिनेछ तथा आन्तरिक स्रोतका अनावव्यवश्क तथा प्रभावहीन दरवन्दी खारेज गर्दै आर्थिक शुसासन र मितब्ययीता जोड दिईनेछ।

१३२. प्रत्येक वर्षको आन्तरिक लेखा परीक्षण तथा महालेखा परीक्षण तोकिएको समयमै गर्ने व्यवस्था मिलाईने छ।

१३३."असहायको साहारा, ठोरी सरकारको अभिभारा" भन्ने कार्यक्रम सञ्चालनमा ल्याईने छ।

१३४. प्रत्येक सरकारी तथा सार्वजनिक सेवा प्रदायक कार्यालयमा सहायता कक्ष व्यवस्था गरी दैनिक सेवा प्रवाहलाई सरल र सहज वनाईने छ।

१३५. गाउँपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, वृद्ध-बृद्धा एवम् दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ एकद्धार प्रणालीबाट उपलब्ध गराइने छ ।

१३६. गाउँपालिकामा रहेका प्रत्येक टोलटोलमा टोल सुधार समिति निर्माण गरी टोलसुधारका कार्यक्रम सञ्चालनमा ल्याईने छ।

**(च) न्याय कानुन तथा मानव अधिकार तथा सुशासन प्रवर्धन नीतिः**

१३७. गाउँपालिकाका जनताका न्याय पाउने संवैधानिक हकलाई सुनिश्चितता गरिने छ।

१३८. सामाजिक सदभाव, विपद व्यवस्थापन लगायत शान्ति सुरक्षाको सम्बन्धमा सम्बन्धित निकायसँगको विगत देखिको समन्वय, सहकार्यलाई अझ बढी प्रगाढ र फलदायी बनाउदै लगिने छ ।

१३९. गाउँपालिकालाई आवश्यक पर्ने ऐन, कानून, नियम र निर्देशिका वनाई विधिको शासनलाई पूर्णरुपमा कार्यान्वयन गरिने छ ।

१४०. सूचना प्रणाली व्यवस्थित गराउदै लानुको साथै गाउँपालिकाको विद्युतिय पाश्र्वचित्र तयार गरी सो को आधारमा योजना प्रकृया सञ्चालन गरिने छ ।

१४१. न्याय निरुपणका लागि जनशक्ति विकासका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।

१४२. जेष्ठ नागरिक, बालबालिका, किशोरी, महिला, आदिवासी, फरक क्षमता भएका, एकल

महिलाहरुको अधिकारलाई सुनिश्चित गर्न विभिन्न कार्यक्रम ल्याईने छ।

१४३. न्याय समितिको कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि कार्यलय स्थापना गरिने छ।

१४४. लागुऔषध, एच. आई. भी पोजेटिभ, चेलिवेटि बेचबिखन, दुर्व्यसनमा फसेका नागरिकहरुको जीवन सुधार तथा पुनर्स्थापनाको लागि पुनःस्थापन गर्न क्रमश पुनःस्थापन केन्द्र सञ्चालन गर्ने नीति ल्याईने छ।

**(छ) योजना अनुगमन तथा तथ्याङ्क नीतिः**

१४५. गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई गुणस्तरीय रुपमा छिटो छरितो रुपमा सम्पन्न गर्नको लागि प्रत्येक आ.व. को जेष्ठ मसान्त सम्म सम्पन्न गरी सो को भुक्तानी फरफारक गरी सक्नु पर्ने नीति अवलम्वन गरी आषाढमा एकै पटक हतारमा कार्य सम्पन्न गर्ने प्रचलनलाई सुधारत्मक रुपमा व्यवस्थापन गरिने छ ।

१४६. गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने योजनाको विस्तृत एवं सार्वजनिक जानकारी हुने गरी योजना सञ्चालन स्थलमा योजना विवरण राख्न पर्ने प्रावधानलाई निरन्तरता दिईने छ।

१४७. स-साना योजनालाई एकीकृत गरी समयमै सम्पन्न हुन सक्ने उपलब्धी मुलक योजनालाई प्राथमिकताका आधारमा क्रमश सञ्चालन गर्ने नीति लिइने छ ।

**क्षेत्रगत समग्र नीति तथा आधारहरुः**

**गाउँपालिकाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि गाउँपालिकाबाट निम्न अनुसार प्राथमिकताका आधारमा विषयगत क्षेत्रमा नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गरिएको छ ।**

१४८. गाउँपालिकाको जनप्रतिनिधी, कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठी लगायतका कार्यक्रमको लागि आवश्यकता अनुसार निजी तथा संस्थागत समन्वयबाट सञ्चालन गरिने छ ।

१४९. गाउँपालिकाको कर्मचारी कल्याण कोष परिचालन कार्यविधी बनाई कार्यान्वयनमा ल्याईनुका साथै मानव संसाधन विकास कोष, विपद् व्यवस्थापन कोष, जोखिममा परेका महिला, बालबालिका संरक्षण कोष, वातावरण संरक्षण कोष लगायत विशेष कोषहरु स्थापना गरिने छ। यी कोषहरु सञ्चालन गर्न कार्यविधी बनाई क्रमश कार्यान्वयनमा ल्याईने छ ।

१५०. मानव संसाधन विकास, संस्थागत विकास, क्षमता विकासलाई उच्च प्राथमिकतामा राखी गाउँपालिका भित्र रहेका मानव संसाधनको रोष्टर तयार गरी आवश्यकता अनुसार परिचालन गरिने छ ।

१५१. सुशासन र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाको आय व्यय विवरण नियमित प्रकाशित गर्दै लाने व्यवस्था मिलाउदै लगिने छ।

**विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण प्रयास,अवसर तथा चुनौतिः**

**१. अवसरः**

आफ्नो समस्या आफ्नै प्रतिनिधिबाट समाधान गराउन पाउने अधिकार प्राप्तिका लागि २०७९ साल बैशाख ३० गते यस ठोरी गाउँपालिकाको स्थानीय तहको निर्वाचन सम्पन्न भै हाल गाउँपालिकामा जनताका प्रतिनिधीहरुको प्रतिनिधित्व रहेकोले आगामी दिनमा यस गाउँपालिका भित्रका विकास निर्माणको साथै स्थानीय बासिन्दाको वृत्ति विकास, रोजगार, आयमुलक, सिपमुलक एवम् पुर्वाधार तथा दिगो विकासका कार्यक्रमहरु सञ्चालनमा गाउँपालिकाको उद्देश्य र कार्ययोजनामा राजनीतिक दल, संघ संस्था, स्थानीय वासिन्दा समेत सँबै क्षेत्र र वर्गको सहभागिता निस्वार्थ रहेकाले पूर्ण रुपमा सफलता प्राप्त हुने अवस्था छ ।राज्यको पुर्नसंरचना पश्चाप पहिलो स्थानीय तहको सरकारले गरेका कार्य अनुभव बाट अवसरको रुपमा लिन सकिने अवस्था विद्यमान रहेको छ।

**२. चुनौतीः**

यस गाउँपालिकाबाट हालसम्म विविध कारणले सम्पन्न गर्न र विगतमा कार्ययोजनामा समावेश गर्न छुट भएका आवश्यकताहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउन हामीले गाउँक्षेत्रमा आवश्यकता र औचित्यताको पहिचान सहित भू-उपयोग नीति, वातावरण मैत्री स्थानीय शासन, राष्ट्रिय भवन संहिता, गुणस्तरीय शिक्षा, दीगो विकास लक्ष्य, खुल्ला क्षेत्र घोषणा, सडक मापदण्ड निर्धारण कार्यान्वयन, सडक बत्ति व्यवस्थापन, राजश्व परिचालन, गाउँपालिका यातायात गुरु योजना, सर्वसाधारणको इन्टरनेटमा पहुँच, सामाजिक सुरक्षा भत्ता सहज वितरण, भ्रष्टाचार शुन्य सहनशिल गाउँपालिका घोषणा, सामुदायिक स्वास्थ्य क्लिनिक, छाडा पशु चौपाया नियन्त्रण व्यवस्थापन, सार्वजनिक पार्क स्थापना, सार्वजनिक जग्गा संरक्षण, लैङ्गिक मैत्री र फरक क्षमता भएका व्यक्ति मैत्री कार्यक्रम, वातावरण मैत्री कार्यालय, भवन आचार संहिता सम्बन्धी तालिम, बाल श्रम निषेध कार्यक्रम, विषादी रहित कृषि एवम् हरित क्षेत्र कार्यक्रम,सरसफाई कार्यक्रम, होमस्टे कार्यक्रम सञ्चालन, ऐतिहासिक स्थलको संरक्षण, सडक सुधार र संरक्षण, पर्यटन विकास लगायतका कार्यक्रमहरु सम्पन्न गर्नु पर्ने दायित्व एवम् जिम्मेवारी यस गाउँपालिकामा आएको छ। गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक पर्ति जग्गा संरक्षण, आन्तरिक वजारीकरण व्यवस्था, आर्थिक आय आर्जनका विविध कार्यक्रम, आन्तरिक आय व्यवस्थापन भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासिहरुलाई जग्गा धनिपुर्जा वितरणको कार्य सञ्चालन गर्ने सहित समयानुकुल परिमार्जित कर दस्तुरको व्यवस्थापन, पुरातात्विक सम्पदा, प्राकृतिक सौन्दर्यता र पर्यटन विकास सवल, सक्षम र समृद्ध ठोरी गाउँपालिका बनाउने र अधिकतम

आवश्यकतालाई न्यून्तम स्रोत साधनबाट सम्बोधन गर्नु पर्ने अवस्था हाम्रो लागि चुनौती वनेको छ ।

३. परिकल्पनाः
"सुशासन,समृदि, समुन्नत र पर्यटकीय ठोरीको आधार, उत्तरदायी, पारदर्शी, जिम्मेवार स्थानीय सरकार"

४. सोचः
ठोरी गाउँपालिकाका गाउँवासीहरुको आधारभुत आवश्यकता पुरा गर्दै विशिष्ट पहिचान सहितको सुन्दर पर्यटकिय र समृद्ध गाउँपालिका" सुशासन, समृद्धि र समुन्नत ठोरी बनाउने मुख्य सोच रहेको छ ।

५. लक्ष्य
विभिन्न ऐतिहासिक, पुरातित्वक, धार्मिक, सामाजिक महत्वका क्षेत्रहरु रहेको ठोरी गाउँपालिकाको प्राकृतिक सौन्दर्यताको बहुउपयोग सहित पुर्वाधारको विकास, कृषिमा आधुनिकीकरण, गुणस्तरीय शिक्षा र नागरिक शसक्तिकरण गर्दै सवल, सक्षम र सम्बृद्धशाली वनाउने लक्ष्यका साथ गाउँपालिकालाई भौतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण गाउँपालिकाको रुपमा विकास गरी आर्थिक एवं सामाजिक दृष्टिले समुन्नत, आत्मनिर्भर र स्वाभलम्वी गाउँपालिका वनाउने लक्ष्य राखिएको छ।

६. उद्देश्यः
१. स्थानीय सरकारको रुपमा निर्वाचित सक्षम र दुर दृष्टीपूर्ण नेतृत्वमा सरकारी, गैरसरकारी निजी क्षेत्र एवं समुदाय सहितको समन्वय र सहभागितामा उपलब्ध स्रोत साधनहरुको समुचित परिचालन गर्ने ।
२. शैक्षिक, आर्थिक तथा सामाजिक असमानता हटाउन सुशासन एवं पारदर्शिता कायम गरी समावेसी, समानुपातिक विकासको अवधारणामा गाउँपालिकाको समग्र विकासको लागि भौतिक पूर्वाधार एवं सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने ।
३. लक्षित वर्गका लागि विशेष कार्यक्रमहरु मार्फत आर्थिक तथा सामाजिक उन्नति र पहुँचमा बृद्धि गर्न गरिवी न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने ।
४. सुशासनको प्रत्याभुति सहित ऐतिहासिक कला, संस्कृती, सम्पदा तथा प्राकृतिक सौन्दर्यतायुक्त स्रोतसाधानहरुको अधिकतम परिचालनका साथ समग्र विकासद्धारा देशकै नमूना गाउँपालिकाको रुपमा संस्थागत सवल सक्षम र आत्मनिर्भर बन्ने।

यस गरिमामय सातौं गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

ठोरी गाउँपालिकाको सार्वभौम यस सातौं गाउँसभामा पेश भएको नीति तथा कार्यक्रमले समग्र पक्षलाई समेट्ने प्रयास गरेको छु । आगामी आर्थिक वर्षको बजेट समेत यहि नीति तथा कार्यक्रम कार्यान्वियनको दिशामा निर्देशित भई तयार गर्ने प्रतिबद्दता व्याक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुमा अनुरोध गर्दछु । यस वार्षिक नीति तथा कार्यक्रमको सफलताका लागि आम गाउँपालिका बासीहरुबाट सकारात्मक पृष्ठपोषण र मार्ग दर्शनको अपेक्षा समेत गरेको छु ।

**अन्त्यमाः**

यस नीति तथा कार्यक्रममा उल्लेख गरिएका विषय वस्तु आगामी आर्थिक वर्षको लागि प्राप्त हुने स्रोत र साधनको परिधिभित्र रहि समयमानै खर्च हुन सक्ने बजेट निर्माण हुने प्रतिबद्दता सहित नीति तथा कार्यक्रमको पुर्ण सफलताको कामना गर्दछु। र सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

धन्यबाद, नमस्कार।

.................................
लालबहादुर श्रेष्ठ
अध्यक्ष
ठोरी गाउँपालिका
मितिः२०७९/०३/१०